**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETINS**

**BROADCAST 18.40HRS** **DATE:19.07.2024**

---

***Governer Meets PM***

राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले हिजो नयाँ दिल्लीमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीसित शिस्टाचार भेट गर्नुभयो।

भेटघाटका बेला उहाँहरूले राज्यको विकास र प्रगति सम्वन्धी विषयहरूवारे विचारविमर्श गर्नुभयो।

श्री आचार्यले यस भेटलाई सुखद बताउनुभएको छ र भन्नुभएको छ प्रधानमन्त्री श्री नरेन्द्र मोदीको कुशल नेतृत्वमा देश नयाँ उचाँईतर्फ अग्रसर भइरहेछ।

राज्यपालले सिक्किमलाई दिइएको सहयोग र समर्थनका लागि प्रधामन्त्रीप्रति कृतज्ञता प्रकट गर्नुभएको छ।

---

***NSS Festival***

गान्तोकको मनन केन्द्रमा आयोजित पूर्वोत्तर रास्ट्रिय सेवा योजना एन. एस. एस उत्सव 2024 आज सम्पन्न भयो।

यस अवसरमा पूर्वोत्तर राज्यहरूका नृत्यद्वारा विविध संस्कृति प्रदर्शन गरियो।

आफ्नो वक्तव्यमा गान्तोक नगर निगमकी उपमेयर श्रीमती छिरिङ पाल्देन भुटियाले भन्नुभयो उत्सवको उदेश्य सांस्कृतिक विनिमयमा मात्र नभएर यसले युवाहरूमा एकताको भावना जगाउनका साथै समाजका सकारात्मक परिवर्तनको मार्ग खुल्ला गर्छ।

उहाँले उत्सवका आयोजक स्वयंसेवकहरूको प्रयासको प्रशंसा गर्नुभयो।

आफ्नो वक्तव्यमा सिक्किमका बडिबिल्डर श्री सञ्जय बुढ़ायोकीले खेलकुदको विकासका निम्ति वर्तमान राज्य प्रशासनप्रति आभार प्रकट गर्नुभयो र युवाहरूसित मानसिक र शारीरिक स्वास्थ्यका लागि सानै उमेरदेखि खेलकुदमा रूचि राख्ने आग्रह गर्नुभयो।

पछि सांस्कृतिक प्रतियागिताका विजेताहरूलाई पुरस्कृत गरियो।

यसमा आसामलाई पहिलो, सिक्किमलाई दोस्रो र अरूणाचल प्रदेशलाई तेस्रो पुरस्कार प्राप्त भयो।

---

***Visit Fisheries Office***

माछापालन विभागकी सचिव श्रीमती रोशनी राई सोरेङ र गेजिङ जिल्लाको दुईदिने भ्रमणमा हुनुहुन्थ्यो।

विभागका अन्य अधिकारीहरूसित हिजो उहाँले रोथक कार्प फार्म, नयाँबजार माछापालन कार्यालय र जिल्ला माछापालन कार्यालय र जिल्ला माछापालन कार्यालय सोरेङको भ्रमण गर्नुभयो।

पछि जिल्ला माछापालन कार्यलयमा आयोजित अभिमुखीकरण कार्यक्रममा सहायक निदेशक श्री युवराज शर्माले विभागद्वारा सञ्चालित समग्र गतिविधिहरूवारे जानकारी दिनुभयो।

यसै गरी बुडियाखोपमा माछापालकहरूसँग अन्तक्रिया गरी उनीहरूले झोल्न परेका समस्याहरूको समाधान गरियो।

टोलीले श्रीवदाममा जीवित माछा बिक्री केन्द्रको पनि अवलोकन गरयो।

भ्रमण कार्यक्रम अन्तर्गत टोलीले आज श्रीवदाम क्षेत्रका प्रगतिशील माछापालकहरूको निजी रेसवे, ट्राउट माछापालन केन्द्र र सजावटी माछापालन इकाईको दौड़ाह गरयो।

माछापालकहरूसितको कुराकानीमा उनीहरूका कल्याणार्थ विभागको तर्फवाट पूर्ण सहयोग प्रदान गर्ने आश्वासन दिइएको छ।

---

*Log Bridge Constructed*

उत्तर सिक्किममा जीमा खोलामा, पैदलयात्रीहरूका लागि लाचेनलाई थाघगुसँग जोड़ने पैदलयात्रीहरूका लागि मूढ़ाको पुल निर्माणकार्य पूरा भएको छ।

जुम्साका स्थानीय मानिसहरूद्वारा निर्मित यस पुलवाट अब लाचेनका मानिसहरू सहजै थाङ्गु जान सक्नेछन्।

गत वर्ष टिस्टा नदीमा आएको बाढ़ीले पहिलेको पुल बगाए पछि लाचेन जुम्साद्वारा हलुका वाहनहरूका लागि मूढ़ाको पुल बनाइएको थियो।

तर नदीको पानी बढ़ेर यो क्षतिग्रस्त भएको हुँदा सीमा सडग संगठन र सेनाले झोलुङ्गे पुल निर्माण गरे।

अभाग्यवश गत महीनाको मुसलधारे पानीले झोलेङ्गु पुललाई पनि बगाएको थियो।

---

*PM Mann ki Baat*

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले ‘मन की बात’ कार्यक्रमको आउँदो संस्करणका लागि प्राप्त सुझाउहरूमाथि प्रसन्नता व्यक्त गर्नुभएको छ।

यो कार्यक्रम यसै महीना अठाइस तारीक प्रसारित हुनेछ।

एउटा सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभएको छ उहाँलाई आगामी ‘मन की बात’ कार्यक्रमका लागि धेरै सुझाउहरू प्राप्त भइरहेछन्।

प्रधानमन्त्रीले भन्नुभएको छ-कैयौं युवाहरूले विशेष रूपले समाजलाई परिवर्तित गर्ने उद्देश्यले गरिएको सामूहिक प्रयासमाथि प्रकाश पारेकोमा उहाँलाई खुशीलागेको छ।

श्री मोदीले मानिसहरूसित आफ्नो सुझाउ माई गोव नमो ऐप मा पठाउने वा 1800117800 मा आफ्नो सन्देश रेकार्ड गराउने आग्रह गर्नुभएको छ।

---

*Body Building*

तेइसौ मिस्टर सिक्किम र छैटौं खुल्ला मेन्स फिसिक च्याम्पियनशीप 2024 आगामी सात सितम्वरमा गान्तोकको मनन केन्द्रमा आयोजित हुनेभएको छ।

गान्तोकमा आज एउटा पत्रकार सम्मेलन सम्वोधन गर्दै सिक्किम राज्य बडी बील्डीङ संघका अध्यक्ष श्री अरूण गुरूङले यस्तो आशयको जानकारी दिनुभएको हो।

उहाँले भन्नुभयो प्रतिस्ठित मिस्टर सिक्किम च्याम्पियनशीप राज्यका बडी बिल्डिरहरूका लागि आयोजन गरिनेछ भने मेन्स फिसिक रास्ट्रिय र अन्तर्रास्ट्रिय स्तरका एथलेटहरूका लागि पनि खुल्ला रहनेछ।

उहाँले भन्नुभयो राज्यको एउटा पुरानो संघ सिक्किम बडि बिल्डिङ संघले सिक्किममा उन्नाइस सय छयानब्बे सालदेखि फिटनेससित सम्वन्धित प्रतियोगिताहरू आयोजन गरिरहेछ।

श्री गुरूङले भन्नुभयो यस संघवाट अहिलेसम्म बाइसजना मिस्टर सिक्किम भइसकेका छन्।

---